# आर्थिक वर्ष २०७४।०७५ को लागि वार्षिक एकिकृत जिल्ला विकास योजनाको कार्यक्रम तयार गर्न योजना छनौट, विधि, प्राथमिकताका आधार, योजना छनौटका आधारहरू तथा जिल्लाको नीति, वजेट सिलिङ र मार्गदर्शन

१ दीगो विकास लक्ष्य, आवधिक जिल्ला विकास योजनाको लक्ष्य, उद्धेश्य, रणनीति तथा सूचकहरूसंग तालमेल र नेपाल सरकारबाट प्राप्त मार्गदर्शनलाई समेत पालन गरी योजना बनाउने ।

२ विगत आर्थिक वर्ष देखि संचालन भएका क्रमागत योजनालाई सम्पन्न गर्न प्राथमिकता दिने ।

३ शान्ती, पूननिर्माण तथा पुनस्थापना संग सम्वन्धीत कार्यक्रमहरूलाई निरन्तरता दिने ।

४ बजेट अनुमान यथार्थपरक गरी बजेट सिमा भित्र रही बजेट बाँडफाँड गर्ने ।

५ स्थानीय निकायमा जाने अनुदान रकम न्यूनतम शर्त तथा कार्यसम्पादन मापन MCPM संग आवद्ध गरिएकोले न्यूनतम शर्त तथा कार्यसम्पादन मापन MC/PM का सूचकलाई ध्यान दिई बार्षिक कार्यक्रम मिलाउने ।

६ सम्पूरक कोष (Matching Fund) छुट्याउनुपर्ने गरी विभिन्न योजना तथा कार्यक्रमका विषयमा दातृ संस्थाहरूसंग भएको सहमति अनुसार अनिवार्यरूपमा आवश्यक पर्ने सम्पुरककोष छुट्टाएर बजेट बांडफाड गर्ने ।

७ जिल्लाको एकिकृत जिल्ला विकास योजना तयार गर्ने कार्यका लागि सम्वन्धित विषयगत कार्यालयहरूले आफ्नो बिषयगत क्षेत्र अनुसारको एकीकृत योजना नीति तथा कार्यक्रम तयार गरी जिल्ला परिषद् एबं बार्षिक समिक्षा गोष्ठीमा प्रस्तुत गर्ने ।

८ जि.वि.स.बाट सञ्चालन गरिने रू. ५ लाख सम्मका योजनाहरू संचालनको लागी गा.वि.स.लाई जि.वि.स.ले सिधै अनुदान उपलब्ध गराउने, रू ३ लाख भन्दा माथिका योजनालाई जिविसवाट प्राविधिक सहयोग उपलब्ध गराउने ब्यवस्था गर्ने ।

९ जिविसको आन्तरिक श्रोत संकलनको वर्तमान ब्यवस्थालाई निरन्तरता दिने र राजश्व बाँडफाँडबाट प्राप्त रकम तोकिएको क्षेत्रमा खर्च गर्ने ।

१० सबै निकायले क्षेत्रगत रूपमा एकिकृत कार्यक्रम बजेट बनाउने र सोही अनुसार प्रगति समिक्षामा पेश गर्ने ।

११ उपभोक्ता तथा ठेक्कापट्टाबाट हुने निर्माण कार्यको अन्तिम रकम भूक्तानी दिँदा सार्वजनिक परिक्षण र सम्वन्धित योजनाको अनुगमन समितिको सिफारिसलाई अनिवार्य गर्ने ।

१२ गाविस तहमा योजना तथा कार्यक्रम तर्जुमा गर्दा बस्ती स्तर हुँदै वडाबाट प्राथमिकता तोकी आएका योजनालाई प्राथमिकता दिई गाउँ विकास योजनामा समाबेश गर्ने नीतिलाई निरन्तरता दिने ।

१३ उपभोक्ता समितिले गर्ने योजनाको निर्माण कार्य सो समितिले ठेक्काद्वारा गर्ने गराएको पाईएमा यस्तो कार्यलाई कडाईका साथ अनुगमन गरी पूर्ण रूपमा निरूत्साहित गरिनेछ ।

१४ गा.वि.स. ⁄ न.पा.ले आवधिक योजना निर्माण गर्दा पार्श्वचित्र तयार गरि बार्षिक योजना निर्माण गर्ने तर्फ बजेट ब्यवस्था गर्ने ।

१५ नतिजामा आधारित योजना तर्जुमा र अनुगमन, मूल्यांकन पद्धतिको विकास गर्ने ।

१६ जीवन उपयोगी गुणस्तरीय तथा प्राविधिक शिक्षामा प्राथमिकता दिने ।

१७ भूकम्प प्रतिरोधात्मक पूर्वाधार निर्माणमा जोड दिने र नगरपालिका तथा गा.वि.स. क्षेत्रमा भवन निर्माणमा नेपाल सरकारबाट स्वीकृत भवन आचार संहिता क्रमशः लागू गर्दै जाने ।

१८ उपभोक्ता समितिबाट काम गराउदाँ अनिवार्य रूपमा सार्वजानीक लेखापरिक्षण गर्ने कार्यलाई निरन्तरता दिने ।

१९ शुसासनको प्रत्याभुति अनुरूप आय ब्यय र भौतिक प्रगति विवरण मासिक, चौमासिक र बार्षिक रूपमा सम्वन्धि गा.वि.स तथा जि.वि.स.मा सवैले देखिने गरि सार्वजानिक गर्ने कार्यलाई अनिवार्य गर्ने ।

२० स्वीकृत कार्यक्रमहरू चालु आ.व.को जेष्ठ १५ गते भित्र सम्पन्न गरी असार २० गते भित्र सार्वजनिक लेखा परिक्षण गराई असार २५ भित्र जाचँपास र फरफारक गर्ने कार्यलाई कडाईका साथ लागू गर्ने ।

२१ गा.वि.स.हरूले बार्षिक कार्यक्रम र वजेट तर्जुमा गर्दा केन्द्र र जि.वि.स.बाट प्राप्त रकम र आन्तिरिक आम्दानीबाट प्राप्त हुने रकमलाई समेत समावेश गरी बार्षिक वजेट तथा कार्यक्रम तोकिए वमोजिम स्वीकृत गर्ने कार्यलाई निरन्तरता दिने ।

२२ पूर्वाधार निर्माणका काममा सकेसम्म स्थानीय श्रमप्रधान प्रविधिलाई जोड दिने र कार्यक्रमको सञ्चालन र मर्मत संभारको कार्य समुदायबाट नै गर्ने कार्यको थालनी गर्ने ।

२३ अनुत्पादक चालु खर्चमा नियन्त्रण गर्दै पूँजिगत खर्चमा बृद्धि गरी उपलब्ध स्रोत साधनलाई उत्पादनशिल र विवेकशिल तबरले खर्च गर्ने परिपाटी मिलाउने कार्यलाई जोड दिईने ।

२४ स्थानीय निकाय स्रोत परिचालन तथा ब्यवस्थापन कार्यविधि, २०६९ ले निर्दृष्ट गरेको क्षेत्रमा मात्र रकम खर्च गर्ने परिपाटीलाई निरन्तरता दिने ।

२५ स्वीकृत सहभागितामूलक योजना तर्जुमा प्रक्रियाबाट छनौट भएका योजना तथा कार्यक्रमलाई मात्र प्राथमिकता दिने, साथै जिल्ला तथा गा.वि.सको वजेट अवण्डा राख्ने परिपाटीलाई बन्द गर्ने ।

२६ जिल्लाको आन्तिरक आयको बृद्धि गर्नका लागि राजस्व संभाब्यता अध्यनन गरि आय बृद्धिका लागि जोड दिने ।

२७ सरकारी तथा गैर सरकारी निकायले यस जिल्ला र गा.वि.स. तहमा लघुउद्यम तथा आय आर्जन सम्वन्धी कार्यक्रम सञ्चालन गर्दा जिल्ला उद्यम विकास रणनैतिक योजना र गाऊँ ⁄ नगर उद्यम विकास रणनैतिक योजनामा उल्लेख भएका कार्यक्रमलाई प्राथमिकता दिँदै कार्यक्रम सञ्चालन गर्ने ।

२८ वस्ती ⁄ वडा स्तरमा योजना छनौट गर्दा वजेट सिमा, मार्गदर्शन, निर्देशन तथा स्थानीय प्राथमिकतालाई समेत आधार मानी योजना तथा कार्यक्रम छनौट गरिने कार्यलाई थप प्रभावकारी गराउँन सरोकारवाला सवैपक्ष प्रतिवद्ध हुनुपर्ने ।

२९ विकास निर्माण कार्यमा सरकारी, गैर सरकारी, दातृ निकाय, निजी क्षेत्र समेतको सकृय सहभागितामा कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्बन गर्नुपर्ने ।

३० नगरपालिका तथा गा.वि.स.मा आवश्यक पर्ने खुला क्षेत्रको अवधारणालाई अनिवार्य पहिचान गर्ने ।

३१ नीजि क्षेत्रसँगको समन्वय र सहकार्यमा गरिने कार्यलाई अझ प्रभावकारी र शसक्त तवरले कार्यक्रम गर्ने ।

३२ स्थानीय निकाय, विषयगत कार्यालय, गैर सरकारी संस्था, विकासका साझेदार निकायले विकासका लागि आएको वजेट तथा कार्यक्रम सञ्चालन गर्नु पूर्व सार्वजनिक गर्नुपर्ने ।

३३ क्षेत्रगत रूपमा प्राविधिक जनशक्तिवाट अध्ययन अनुसन्धान गरी व्यवसायीक रूपमा उत्पादनमूलक क्षेत्रमा लगानी गर्नुपर्ने ।

३४ कार्यक्रम तथा वजेट विनियोजन गर्ने सवै सरोकारवाला निकायले दुर्गम क्षेत्रलाई समेत प्राथमिकता दिई कार्यक्रम तयार गर्नुपर्ने ।

३५ ईलाका स्तरीय योजना तर्जुमा गोष्ठीवाट प्राथमिकीकरण भई आएका पूर्वाधारजन्य योजनाहरूको प्राथमिकिकरणका आधारमा प्रारम्भिक सर्भेक्षण गरी योजना छनौट गरी अनुमानित लागत तयार गर्ने ।

३६ गाँउ परिषद र इलाका स्तरीय योजना तर्जुमा गोष्ठीमा जिल्लाका विषयगत कार्यालयहरूले कार्यालयको कार्यक्रम सहित उपस्थित हुनु पर्ने कार्यलाई अनिवार्य गर्ने ।

३७ जिल्लामा स्थापना भएको एकमात्र Blood Bank लाई प्राथमिकता दिई वजेट विनियोजन गर्ने ।

## सडक तर्फ

१ गाऊँ, वस्ती, वडामा अनावश्यक रूपमा वाटो खन्ने कार्यलाई निरूत्साही गरी निर्माण गरिएको वाटोमा सवारी साधनको सञ्चालन गरी यातायातको सेवा दिने कार्यलाई प्राथमिकता दिनुपर्ने।

२ जिल्लाको पूर्वाधार निर्माणको पहिलो प्राथमिकतामा परेको सडक निर्माण गर्दा सडक संजालले जोड्न बाँकी गाविसलाई प्राथमिकता दिदै नयाँ ट्राक खोल्ने कार्यलाई कम प्राथमिकता दिने र ट्रयाक खुलाई सकिएको बाटोको मर्मत संभारका संरचना निर्माणका काममा प्राथमिकता दिई सवारी साधन सूचारू गर्ने गरी बजेट बाँडफाड गरी कार्य गर्ने ।

३ निर्माणाधिन सडकहरूको मर्मत संभारको लागि मर्मत संभार कोष सञ्चालनको लागि कार्यविधि वनाउने। मर्मत संभारको लागि उपभोक्ता समिति नै मुख्य जिम्मेवारी भएकोले उपभोक्ता समितिलाई क्रियाशिल गराउने, ५ लाख र सो भन्दा धेरै बजेट विनियोजन भएका सडक निर्माण गर्दा अनुमानित लागतमा नै बजेटको कम्तीमा ५ प्रतिशत रकम मर्मत संभारको लागि समावेश गरी मर्मत संभार कोषको खातामा राख्ने ।

४ सडक निर्माणको नयाँ ट्रयाक खोल्दा विनियोजित बजेटको कम्तीमा ३ प्रतिशत रकम बाताबरण संरक्षणमा खर्च गर्ने व्यवस्था गर्ने ।

५ जिल्लाका रू ५ लाख भन्दा ठूला सडकलाई मात्र जिविसले वजेट विनियोजन गर्ने भएकोले गाविसबाट निर्माण भएका योजनाहरूको मर्मत संभारमा गाविसले विशेष ध्यान दिनुपर्ने ।

६ जिल्ला सडक गुरू योजनामा (DTMP) उच्च प्राथमिकतामा परेका सडकहरूको छनौट तथा निर्माणमा प्राथमिकता दिने । साथै सडकको नयाँ Track Opening कार्य मात्र नगरी पहिले नै Track Opening भएका सडकको स्तरोन्नती गर्ने कार्यलाई प्राथमिकता दिने ।

७ सडक निर्माण गर्दा भारी उपकरण प्रयोगलाई व्यवस्थित गर्न नर्म्स अनुसार लागत अनुमान तयार गरेर मात्र प्रयोग गर्ने ।

८ सडक निर्माण गर्न भारी उपकरण प्रयोग गर्दा जिल्ला बन क्षेत्रको हकमा वन कार्यालय सँगको समन्वयमा कार्य गर्ने गरी योजना बनाउने ।

९ कुनै पनि पूर्वाधार निर्माण गर्दा अन्य पूर्वाधारमा क्षति पुग्ने भएमा जुन निकायले क्षति पुर्‍याएको हो सोही निकायले त्यसको क्षतिपूर्ति दिने व्यवस्थालाई कडाईका साथ लागू गर्ने ।

## खानेपानी तथा सरसफाई तर्फ

१ प्यूठान जिल्लालाई सरसफाइ यूक्त वनाउन पूर्ण आनीवानीमा परिवर्तन ल्याउने कार्यलाई सन २०१३ देखी सुरू गरी सन २०१७ सम्म परिवर्तनको २१ बुँदे प्रतिवद्धतालाई सहयोग पुग्ने गरी जिल्लामा खानेपानी तथा सरसफाई सम्बन्धी योजना संचालन गर्न सवै निकायले अनिबार्य रूपमा सरसफाई कार्यक्रम संचालन गरी पूर्ण सरसफाईको आनीबानीमा परिवर्तन गर्न आम जिल्लावासीहरूलाई सक्रिय बनाउने ।

२ गाविस/जिविसले खानेपानी तथा सरसफाईको लागि प्राप्त बजेटका अलवा अनुदान रकमको १० देखी २० प्रतिशत रकम सरसफाईका क्षेत्रमा विनियोजन गर्ने । उक्त रकम DWASHCCले गरेको निर्देशन बमोजिम खानेपानी तथा सरसफाईको क्षेत्रमा खर्च गर्ने र यसरी खर्च गर्दा सम्पूर्ण घरधुरीलाई सरसफाईमा पूर्ण आनीवानीमा परिवर्तन गर्नेतर्फ उन्मुख गराउने

३ खानेपानी तथा सरसफाई मर्मत संभारकोष स्थापना गरी योजनामा विनियोजन भएको रकमको कम्तीमा १ देखि ५ प्रतिशत रकम मर्मत संभार कोषमा जम्मा गर्ने ।

४ सवै विद्यालयहरूमा पिउने पानीको परिक्षण गर्ने र शुद्ध पानीको व्यवस्थापन गर्ने ।

## कृषि तथा पशु सेवा तर्फ

१ खाद्य सुरक्षा अनुकुल योजना निर्माण गर्ने ।

२ कृषि, पशु विकास लगायत आयआर्जनका क्षेत्रमा कार्यक्रमहरू बनाउदा व्यबसायमुलक र बजारिकरणको अवस्थालाई समेत ध्यान दिई कार्यक्रम निर्माण गर्ने ।

३ स्थानीय निकायवाट विनियोजन गरिने कृषि क्षेत्रको रकम खर्च गर्दा सम्वन्धित निकायसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने ।

४ प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यक्रमलाई प्रचार प्रसार गरि सो कार्यक्रमबाट जिल्लामा अधिकतम लाभ लिने तर्फ सवैलाई जानकारी गराउने ।

## सिंचाई तर्फ

१ बाढी पहिरोबाट प्रभावित सिंचाई योजनालाई प्राथमिकता दिई पुनः निर्माणको व्यवस्था गर्ने ।

२ सिंचाई योजना निर्माण गर्दा कृषि उत्पादन, आयमूलक कार्यक्रमसँग आबद्ध कार्यक्रम बनाउने ।

## नदि नियन्त्रण तर्फ

१ जिल्लाका विभिन्न खोला एबं नदीबाट नदीजन्य पदार्थ उत्खनन् एबं विक्रि वितरण गर्दा प्रारम्भिक बातावरणिय प्रभाव मूल्यांकन (IEE) एवं विशेषज्ञको प्रतिवेदनको आधारमा मात्र गरिने कार्यलाई कडाईका साथ लागू गरि नदी नियन्त्रण तर्फ समेत ध्यान दिने ।

२ नदि नियन्त्रण गरी वगर खेति उत्पादन गर्ने तर्फ सम्वन्धित निकायले प्राथमिकता दिने ।

३	झिमरूक नदीको धेरै फाँटहरूमा ब्यवसायीक रूपमा खेति गर्न उपर्यूक्त देखिएकोले नदी नियन्त्रण कार्य गरि बगर खेती उत्पादनमा सबै सरोकारवालाले ध्यान दिने ।

**बिद्युतिकरण तथा नविकरणीय बैकल्पिक उर्जा तर्फ**

१	नविकरणीय वैकल्पिक उर्जा कार्यक्रमलाई प्रभावकारी बनाउन सकृय रूपमा कार्य आगाडी वढाउने ।

२	जलबायू परिवर्तनले परेको प्रभावलाई अनुकूलन हुने गरी कार्यक्रम बनाउने ।

**पर्यटन तर्फ**

१	जिल्लाका विभिन्न धार्मिक एवं पर्यटकिय क्षेत्रको पहिचान गरी सरोकारवालाहरूसँगको समन्वय एवं सहकार्यमा जिल्लालाई पर्यटकिय क्षेत्रको रूपमा विकास गर्ने कार्यलाई अगाडि बढाईने छ ।

२	संस्कृति र पर्यटन क्षेत्रको विकास एबं कार्यक्रम तयार र कार्यान्वयन गर्दा जिल्ला पर्यटन गुरू योजना तयार गरी सोको आधारमा मात्र कार्यक्रम तयार गर्नुपर्ने ।

**सूचना पहुँच र क्षमता विकास**

१	क्षमता विकास सम्बन्धी योजनाहरू जिल्लाको क्षमता विकास योजना बमोजिम संचालन गरिनेछ ।

२	स्थानीय सूचना, तथा समाचारलाई प्रचार प्रसार तथा सूचना दिने कार्यलाई प्राथमिकता दिइ सर्वसाधारणको समेत सूचनाको पहुचमा अभिवृद्धि गर्ने ।

३	बदलिदो परिस्थिती र समय सापेक्ष पदाधिकारी, कर्मचारी तथा उपभोक्ताहरूको क्षमता अभिबृद्धि गर्न विभिन्न तालिम, गोष्ठी तथा अध्ययन भ्रमण लगायत चेतनामूलक कार्यक्रम संचालन गर्ने ब्यवस्था मिलाईनेछ ।

४	सूचनाको हक कार्यान्वयन गरी सबै सेवा प्रदायक संस्थाहरू, सूचना प्रविधिमैत्री बनाउन कार्यक्रम तयार गर्नुपर्ने ।

५	जि.वि.स.को सूचना केन्द्रलाई सुदृढिकरण गरी विषयगत निकाय, जि.वि.स., गा.वि.स., संघ संस्थाहरूको कार्यक्रम, बजेट प्रगति विवरण लगायतका कार्यहरू E-Govermance मार्फत गर्ने पद्धतिको विकास गर्ने ।

**लक्षित समूह तर्फ**

१	स्थानीय निकायबाट लक्षित विकास कार्यक्रम तर्फको ३५ प्रतिशत बजेट विनियोजन गर्दा निर्देशिका बमोजिम सबै क्षेत्रमा पूर्वाधार, शिप विकास, क्षमता विकास, संस्थागत विकासलाई अनिबार्य रूपमा समावेश गरी बजेट तथा कार्यक्रम बनाउने र वालमैत्री कार्यक्रमको राष्ट्रिय कार्यविधि तथा रणनिति बमोजिम स्थानीय निकायले वालवालिका उत्थानको लागि कम्तिमा १५ प्रतिशत रकम विनियोजन गरी कार्यक्रम तयार गर्ने ।

२	स्थानीय निकाय अनुदानको पूँजिगततर्फ विनियोजित रकमवाट कार्यक्रम तर्जुमा गर्दा महिलाहरूको सशक्तिकरण, वालबालिकाको हित र कल्याण, दलितवर्गको मुलप्रवाहिकरण, आदिवासी जनजाती उत्थान, अशक्त र अपाङ्गहरूको हित र कल्याण सम्बन्धी आयोजनाहरूमा स्थानीय निकाय स्रोत परिचालन तथा ब्यवस्थापन कार्यविधि, २०६८ मा ब्यवस्था भए अनुसारको कार्यक्रम सञ्चालन गर्ने कार्यलाई जोड दिने ।

३	लैंगिक उत्तरदायी वजेट तर्जुमा गर्न प्राथमिकता दिने ।

**बालबालिका तर्फ**

१	वाल विवाह न्यूनीकरण गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।

२	वालवालिकाहरूको पोषणको स्थिती कमजोर देखिएकोले कुपोषण हटाउने कार्यक्रम तयार गर्न प्राथमिकता दिने ।

३	वाल वालिका र विद्यालयलाई शान्ति क्षेत्रको रूपमा लिन सवैले जोड दिने ।

४	सन् २०२० सम्ममा प्यूठान जिल्लालाई वाल मैत्रि जिल्लाको रूपमा घोषणा गर्न जिल्ला स्तरीय सारोकारवालहरूको साझा प्रतिवद्धतालाई निश्चित कार्ययोजना बनाई कार्यान्वय गर्न गा.वि.स., जि.वि.स., विषयगत निकाय र संघ संस्थाहरू बाल मैत्री स्थानीय शासन सूचक एवं तहगत खुडकीला बमोजिम कार्यक्रम बजेट निर्माण गर्ने र बालबालिका सम्बन्धि कार्यक्रम बनाउँदा बाल भेलाबाट सिफारिस भएका योजनाहरूलाई छनौट गर्ने ।

**युवा तर्फ**

१	युवा परिचालन, खेलकुद विकास, स्थानीय संस्कृतीहरूको संरक्षण र सम्बर्द्धन गर्ने योजनामा बजेट विनियोजन गर्ने ।

२	युवा बर्गलाई लक्षित गरी जि.वि.स.बाट लगानी गर्दै आईएको कार्यलाई निरन्तरता दिने ।

३	जि.वि.स.ले सञ्चालन गर्ने विभिन्न कार्यक्रममा सकारात्मक सौँचका साथ युवा वर्गको समेत सहभागिता रहने गरी कार्यक्रम सञ्चालन गर्ने ।

४	यूवा लक्षित कार्यक्रम निर्माण गर्दा एकिकृत रूपमा तयार गर्ने र सो को लागि युवा परिषद्सँग समन्वय गर्ने ।

५	यूवा लक्षित कार्यक्रम तयार गर्दा उद्यम, ब्यवसाय, स्वरोजगार श्रृजना गर्ने कार्यक्रममा प्राथमिकता दिने ।

**प्राकृतिक प्रकोप तथा बाताबरण संरक्षण तर्फ**

१	बातावरणमा महत्वपूर्ण भूमिका रहने एक गाउँ एक पोखरीको अवधारणा अनुरूप विवरण एकिन गरी अनिवार्य रूपमा कार्यान्वयन गर्ने ।

२	प्यूठान जिल्लालाई सन् २०१७ सम्ममा घर भित्र धुवा रहित चुल्होको प्रयोग गरिने प्रतिबद्धता अनुरूप यस क्षेत्रमा कार्यरत संघ संस्था तथा सरोकारवालाहरूसँग समन्वय र सहकार्य गरी कार्यक्रमलाई निरन्तरता दिने ।

३	सबै गा.वि.स.ले गाऊँ परिषदवाट निश्चित प्रतिशत रकम विपत ब्यवस्थापन तथा आकस्मिक कोषको ब्यवस्था गर्ने । जलबायू परिवर्तनको असर र प्रभाव कम गर्न जलवायू परिवर्तन अनुकुलन योजना निर्माण गरी कार्यक्रम तय गर्ने ।

४	प्राकृतिक प्रकोप नियन्त्रण, वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकुलन र वातावरण मैत्रि स्थानीय शासन प्रारूपका सूचकहरू सँग तालमेलहुने योजनाहरूलाई प्राथमीकता दिने । यस सँग सम्बिन्धित जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने ।

**उपरोक्तानुसार योजना कार्यान्वयन गर्न प्राथमिकता निर्धारणका आधारहरू र योजना छनौट विधिहरू**

**योजना छनौटका आधारहरू ः**

१.	आयोजनाका लक्षहरू

२.	आयोजनाबाट फाइदा पाउने जनताको संख्या र फाइदाको किसिम

३.	छनौट गर्न लागिएको योजना नया वा क्रमागत ।

४.	आयोजना सम्पन्न गर्न लाग्ने खर्च तथा सामाग्रीको मूल्य तथा लाग्ने समय

५.	उपभोक्ताबाट प्राप्त हुने नगद, बस्तुगत, श्रम र अन्य योगदान

६.	उपभोक्ता समितिबाट गरिने मर्मत संभार खर्च र संचालन ब्यबस्थापन खर्च

७. बातावरण संरक्षण तथा सम्बर्द्धन गर्ने ।
८. बढी भन्दा बढी स्थानीय बासीन्दाको सहभागिता र श्रम प्राप्त हुने
९. प्रति इकाई लागत मूल्य
१०. लाभान्वित घरधुरी तथा जनसंख्या
११. लाभान्वित वर्ग (विशेष गरि पछाडी परेका वा पारिएका समुदाय तथा वर्गहरू)
१२. कार्य सम्पन्न अवधि तथा लाग्ने समय
१३. लागत सहभागिता (समुदाय तथा सरोकारवालासँगको साझेदारी)
१४. कार्यान्वयन विधि तथा प्रक्रिया
१५. प्रतिफल (शीघ्र, उत्पादनमूलक, सेवामूलक तथा दीगो)
१६. आयमूलक तथा रोजगारमूलक
१७. स्थानीय स्रोत साधन र सीपको प्रयोग
१८. सर्वसाधरण जनतालाई तत्काल फाईदा पुग्ने तथा रोजगार प्रबर्द्धन हुने आयमूलक कार्यक्रम
१९. कृषि उत्पादन बृद्धि गर्न सघाउ पुग्ने कार्यक्रमहरू
२०. स्थानीय साधन, शिप र क्षमताको परिचालनबाट संचालन हुन सक्ने कार्यक्रमहरू
२१. गरिव लक्षित गरी पिछडिएको तथा उत्पीडित जाती, जनजाती एवं महिला, बालबालिका, असक्त अपांग जस्ता नागरीकको लागि आयमूलक तथा शीपमूलक कार्यक्रमहरू

**योजना प्राथमिकता निर्धारणका आधारहरू**

१. तत्काल फाईदा हुने
२. रोजगारी प्रबर्द्धन हुने
३. आयमुलक
४. कृषि उत्पादनमा बृद्धी गर्ने
५. स्थानीय सीप, साधन र क्षमता प्रयोग हुने
६. वातावरणीय संरक्षणमा सघाउ पुग्ने
७. पिछडिएका समुदायलाई फाईदा पुग्ने

**योजना छनौट विधिहरू**

१. भार प्रणाली
२. कोष्ठ तालिका
३. जोडा स्तरीकरण

**क) भार प्रणाली**

**आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण र छनौट विधिः**

१. माग भइ आएका आयोजनाहरूलाई विषय क्षेत्र अनुसार छुट्टाएर विस्तृत सूची तयार गर्ने
२. प्राथमिकता निर्धारण आधार तथा सूचकहरू निर्धारण गर्ने
३. भार प्रणाली कोष्ठ तालिकामा प्रस्तुत गर्ने
४. कोष्ठ तालिकामा आयोजना तथा कार्यक्रमले प्राप्त गरेको भारको आधारमा विषय क्षेत्र अनुसार आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण गर्ने

**भार प्रणाली अनुसार प्राथमिकता निर्धारण सूचकहरू**

**प्राथमिकीकरण फारम**

| क.सं. | आयोजनाको नाम | आयोजना कार्यान्वयन हुने गाविस, नगर, वडा | प्राथमिकताका आधारहरु | | | | | | | जम्मा प्राप्ताङ्क | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | (१) तत्काल फाइदा | (२) रोजगारी प्रबर्द्धन | (३) आयमूलक | (४) कृषि उत्पादन मा बृद्धि | (५) स्थानीय सीप, साधन र क्षमता प्रयोग | (६)वातावरणीय संरक्षण एवं जलवायु परिवर्तन अनुकूलनमा सघाउने | (७) पछाडि पारिएका समुदायलाई पुग्ने फाइदा | | |
| | | | | | | | | | | | |

**सूचकहरु :**

(१) तत्काल फाइदा

तत्काल फाइदा पुग्ने -१० बिस्तारै फाइदा पुग्ने -५

(२) रोजगारी प्रबर्द्धन

आयोजना संचालन र सम्पन्न भएपछि पनि रोजगार सृजना हुने -१०,
संचालनको बेलामा मात्र रोजगार सृजना हुने -५ बिस्तारै सृजना हुन सक्ने -१

(३) आयमूलक

आयआर्जनमा प्रत्यक्ष र धेरै योगदान गर्ने -१०
आयआर्जनमा अप्रत्यक्ष योगदान गर्ने -५
आयआर्जनमा कुनै योगदान नगर्ने -१

(४) कृषि उत्पादनमा बृद्धि

कृषि उत्पादनमा प्रत्यक्ष र धेरै योगदान गर्ने -१०
कृषि उत्पादनमा अप्रत्यक्ष योगदान गर्ने -५
कृषि उत्पादनमा कुनै योगदान नगर्ने -१

(५) स्थानीय सीप, साधन र क्षमता प्रयोग

स्थानीय सीप, साधन र क्षमताको अत्याधिक प्रयोग हुने -१०
स्थानीय सीप, साधन र क्षमताको केही प्रयोग हुने -५
स्थानीय सीप, साधन र क्षमताको प्रयोग नहुने -१

(६) वातावरणीय संरक्षणमा सघाउन

वातावरण संरक्षण एवं जलवायु परिवर्तन अनुकुलमा धेरै र तत्काल सघाउने -१०
वातावरण संरक्षण एवं जलवायु परिवर्तन अनुकुलमा थोरै सघाउने -५
वातावरण संरक्षण एवं जलवायु परिवर्तन अनुकुलमा कुनै सघाउ नपुग्ने -१

(७) पिछडिएका समुदायलाई पुग्ने फाइदा

पिछडिएका जाति,जनजाति,महिला,वालवालिकाहरुको आयआर्जनमा धेरै र तुरुन्त सहयोग पुग्ने-१०
पिछडिएका जाति,जनजाति,महिला, वालवालिकाहरुको आयआर्जनमा केही प्रत्यक्ष सहयोग पुग्ने -५
पिछडिएका जाति, जनजाति, महिला, वालवालिकाहरुको आयआर्जनमा अप्रत्यक्ष सहयोग पुग्ने -१

ख) *कोष्ठ तालिका*

आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण र छनौट विधिः

- आयोजना तथा कार्यक्रमको सूचीलाई विषय क्षेत्र अनुसारको सूची तयार
- आयोजना तथा कार्यक्रमले प्राथमिकता निर्धारणका आधारहरू पुरा गरेको तथा नगरेको चिन्ह प्रदान
- धेरैमा ठिक चिन्ह लागेको आयोजना तथा कार्यक्रम अनुसार प्राथमिकता निर्धारण

आयोजना तथा कार्यक्रमको प्राथकिकता निर्धारण र छनौट विधिः कोष्ठ तालिका

| प्राथमिकता निर्धारणका आधारहरू | योजना तथा कार्यक्रमको नाम | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | आयोजना १ | आयोजना२ | आयोजना३ | आयोजना४ | आयोजना५ | आयोजना६ | आयोजना७ | आयोजना८ | आयोजना९ | आयोजना१० |
| उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | ✓ | | ✓ |
| आम्दानी तथा रोजगार बृद्धि गर्ने | ✓ | | ✓ | | ✓ | | | ✓ | | ✓ |
| कम लागत र बढी सहभागिता जुट्न सक्ने | ✓ | ✓ | | ✓ | | ✓ | | ✓ | | |
| लक्षित वर्ग तथा समुदायलाई प्रत्यक्ष फाइदा पुग्ने | | | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| क्रमागत एवं अधुरा रहेका, थोरै रकममा मर्मत सम्भार गरी र पुनः सञ्चालनमा ल्याउन सकिने | ✓ | | | ✓ | | | | ✓ | | |
| बढी स्थानीय सीप, साधन, प्रविधि सञ्चालन, लैङ्गिक समानता,वातावरण मैत्री, श्रममूलक र लागत सहभागिता तथा जन सहभागिता हुने | ✓ | ✓ | | ✓ | | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| चेतना अभिवृद्धि, सामाजिक परिचालन, संस्थागत क्षमता वृद्धिहुने | | ✓ | ✓ | | ✓ | ✓ | ✓ | | ✓ | |
| उपभोक्ता समिति र सामुदायिक संस्थाहरूद्धारा नै सञ्चालन र मर्मत संभार गर्न सकिने | ✓ | ✓ | ✓ | ✓ | | | | ✓ | ✓ | ✓ |
| सामाजिक विकास (स्वास्थ्य शिक्षा,समाज कल्याण) सहयोग पुऱ्याउने | | ✓ | ✓ | ✓ | | | | ✓ | ✓ | ✓ |
| कृषि, वन, जडीबुटी उत्पादनमा वृद्धि सहयोग पुऱ्याउने | ✓ | | ✓ | ✓ | ✓ | | | ✓ | | |
| वातावरण संरक्षण, प्रकोप नियन्त्रण एवं ब्यवस्थापन तथा नवीकरणीय उर्जा विकास सहयोगी हुने | ✓ | | | | | | | ✓ | | ✓ |
| जम्मा ठिक (☑) जम्मा (☒) | ८ | ६ | ७ | ९ | ५ | ४ | ३ | १० | ५ | ६ |
| प्राथमिकताक्रम | III | V | IV | II | VI | VII | VIII | I | VI | V |

**ग) *जोडा स्तरीकरण***

**आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण र छनौट विधिः**

१. विषयगत रूपमा आयोजना तथा कार्यक्रमको सूची तयार गर्ने ।
२. सूचीकृत आयोजनाहरू तालिकाको ठाडो र तेर्सो रूपमा दुबै तिर लेख्ने ।
३. ठाडो रूपमा राखिएका प्रत्येक आयोजनासँग तेर्सो रूपमा राखिएका प्रत्येक आयोजनाको तुलना गर्ने
४. प्रत्येक जोडा मध्ये जुन बढी आवश्यक र महत्वपूर्ण छ त्यही आयोजनाको नाम प्रत्येक कोष्ठमा लेख्ने
५. जुन आयोजना धेरै चोटी आउँछ, सोही अनुसार आयोजनालाई प्राथमिकतामा राख्ने ।

**आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण र छनौट विधिः जोडा स्तरीकरण**

| आयोजनाहरू | आयोजना १ | आयोजना २ | आयोजना ३ | आयोजना ४ | आयोजना ५ | आयोजना ६ |
|---|---|---|---|---|---|---|
| आयोजना १ | | आयोजना १ | आयोजना १ | आयोजना १ | आयोजना १ | आयोजना १ |
| आयोजना २ | | | आयोजना २ | आयोजना २ | आयोजना २ | आयोजना २ |
| आयोजना ३ | | | | आयोजना ३ | आयोजना ३ | आयोजना ३ |
| आयोजना ४ | | | | | आयोजना ४ | आयोजना ४ |
| आयोजना ५ | | | | | | आयोजना ५ |

| आयोजना ६ | | | | | | |
|---|---|---|---|---|---|---|
| जम्मा | ५ | ४ | ३ | २ | १ | ० |

**निर्णय नं. २**

प्यूठान जिल्लामा स्थित ४२ गाविसहरूको गत वर्ष मापन गरिएको न्यूनतम शर्त तथा कार्य सम्पादन मापनमा ४० गा.वि.स.हरू **न्यूनतम शर्त तथा कार्यसम्पादन मापन** MCPM मा सफल भएको र जिविस प्यूठानको न्यूनतम शर्त तथा कार्य सम्पादन मापनमा ७५ अंक प्राप्त गरी देश भरमा तेश्रो हुन सफल भएको विषयमा जानकारी गराइयो ।

**निर्णय नं. ३**

यस बैठकवाट तय गरिएको वजेट सिलिङ, मार्गदर्शन, योजना प्राथमिकीकरण, विधि तथा नीतिहरू र योजना प्रस्ताव फारमहरूलाई विषयगत कार्यालय, गै.स.स., गा.वि.स.,न.पा., विकासका साझेदार निकाय, राजनैतिक दल, पत्रकार, पत्रिका, स्थानीय एफ.एम., नीजिक्षेत्र सरोकारवाला सवै पक्षलाई उपलब्ध गराई सार्वजनिक गर्न जि.वि.स.लाई सिफारिस गर्ने निर्णय गरियो

## बजेट सिलिङ्ग

*जि.वि.स. प्यूठानको आ.व. २०७४।०७५ को अनुमानित श्रोत* *वजेट रु हजारमा*

| सि नं. | कार्यक्रम शिर्षक | चालु वजेट | पुजिगत वजेट | जम्मा वजेट |
|---|---|---|---|---|
| १ | जि.बि.स. अनुदान | ५५२१३ | ० | ५५२१३ |
| २ | गा.वि.स. अनुदान | २१२९१५ | ० | २१२९१५ |
| ३ | आदिवासी जनजाती | ३०० | ० | ३,०० |
| ४ | नगरपालीका | 77019 | 0 | ७७०१९ |
| ५ | उपेक्षित उत्पीडित दलित | ५८० | ० | ५,८० |
| ६ | ग्रामीण खानेपानी तथा सरसफाई आयोजना | २३७७ | ६६१६ | ८९९३ |
| ७ | ग्रामिण सामुदायिक पूर्वाधार विकास कार्यक्रम | २५२० | १२१९९ | १४७१९ |
| ८ | स्थानीय पु.वि. तथा साना सिंचाई | ४१ | १७९२४ | १७९६५ |
| ९ | झोलुंगेपुल क्षेत्रगत कार्यक्रम | १४७८१ | २९२६६ | ४४०४७ |
| १० | स्थानीय यातायात पू. क्षेगत कार्यक्रम | २८३ | ३७२२३ | ३७५०६ |
| ११ | पश्चिम नेपाल ग्रा.खा.पा. तथा स.स. परियोजना | १६३२७ | ३४३३२ | ५०६५९ |
| १२ | स्थानीय सडक/पुल | २० | ३६५८५ | ३६६०५ |
| १३ | सामुदायिक सिंचाई योजना | ७२९३ | ६३३४७ | ७०६४० |
| १४ | सामाजिक सुरक्षा कार्यक्रम | २९७२१३ | | २९,७२,१३ |
| १५ | जि.वि.स. कोष आन्तरिक | ८३२६ | १८६१० | २,६९,३६ |
| १६ | निर्वाचन क्षेत्र बि. कार्यक्रम | ७०००० | ० | ७०००० |
| १७ | यू.एन.एफ.पि.ए. | ० | ८००० | ८००० |
| १८ | लघु उद्यम | ० | ३००० | ३००० |
| १९ | अन्य/पर्यटन | ० | ७७०० | ७७०० |
| २० | उर्जा तथा बातावरण ईकाई | ० | २००० | २००० |
| २१ | राष्टिय ग्रामिणसडक सुढिढिकरण कार्यक्रम | ३९२६ | २०९२८९ | २१३२१५ |
| २२ | स्थानीय शासन तथा शामुदायिक विकास | १५१३४ | 0 | १५१३४ |
| २३ | स्थानीय निकाय वीत्तीय आयोग | ५५० | ० | ५५० |
| २४ | संस्कृति प्रवद्धन कार्यक्रम | ६४०० | ० | ६४०० |
| २५ | राष्ट्रिय युवा परिचालन | ६६५ | ० | ६६५ |
| २६ | गरिवसँग विश्वेश्वर कार्यक्रम | २४७६ | 0 | २४७६ |
| २७ | उपेक्षित, उत्पीडित, दलित वर्ग उत्थान का. | ० | ३०० | ३०० |
| २८ | सडक वोर्ड | ० | ५००० | ५००० |

| | | | | |
|---|---|---|---|---|
| २९ | दुई आर्थिक केन्द्र जोड्ने सडक | ० | ३४१४७ | ३४१४७ |
| ३० | स्थानीय विकास शुल्क कोष | ९५४२ | ० | ९५४२ |
| | **जम्मा** | ८०३९०१ | २८८०४६ | १००४७१९ |

**आन्तिरक श्रोत तर्फ अनुमानित आय.**२,६९ ३६,०००/-

| क.स | आयको **शिर्षकहरू** | आय |
|---|---|---|
| १ | **राजश्व बाँडफाँड** | |
| | रजिष्ट्रेशन दस्तुर | ८०,००,०००। |
| | विद्युत रोयल्टी | १,००,००,०००। |
| | वन क्षेत्रको आय | १६०,०००। |
| २ | **आन्तरिक आय** | ० |
| | यातायात | ५५०,०००। |
| | पूर्वाधार उपयोग कर | ६,००,०००। |
| | निकासी कोईला | ६६,०००। |
| | ढुगा गिट्टी | ४०,००,०००। |
| | सेवा शुल्क | १,५०,००० |
| | दस्तुर | ४,००,०००। |
| | विक्रि | २,००,०००। |
| | दण्ड जरिवाना | १,६०,०००। |
| | मालपोत | ४,५०,०००। |
| | विविध आय | ७,००,०००। |
| | स्क्याभेटर | १५,००,०००। |
| | **जम्मा** | २,६९,३६,०००/ |

आ.व. २०७४/०७५ का लागि निक्षपित कार्यक्रममा निम्न अनुसारको वजेट सिमा रहेको निर्धरण गरियो ।

| **सि.नं.** | **कार्यालयको नाम** | **चालु** | **पुजिगत** | **जम्मा** |
|---|---|---|---|---|
| १ | कृषि प्रसार कार्यक्रम | २६६७८००० | २२००००० | २८८७८००० |
| २ | पशु सेवा प्रसार कार्यक्रम | २०८१६७१३ | ७०००००० | २७८१६७१३ |
| ३ | प्रथामिक शिक्षा प्रसार कार्यक्रम | ३९६५८२००० | ० | ३९६५८२००० |
| ४ | जिल्ला कृषि विकास कार्यलयको अन्य कार्यक्रम | ७२०००,००० | ५२००,००० | ७७२००००० |
| ५ | जिल्ला पशु सेवाकार्यलयको अन्य कार्यक्रम | ५०००००० | १५००००० | ६५००००० |
| | **जम्मा** | ५२१,०७६,७१३ | १५,९००,००० | ५३६९७६७१३ |

**गाविस/नपाले इलाकास्तरीय योजना तर्जुमा बैठकमा पेश गर्ने फारम**

गाविस/नपाले इलाकास्तरीय योजना तर्जुमा बैठकमा पेश गर्ने फारम

| | | | | | | लाभान्वित घरधुरी | | | | | | लैंगिक रुपमा लाभान्वित | अनुमानित लगानी र प्रस्तावित श्रोत | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | बिषयगत क्षेत्र | आयोजना/ कार्यक्रमका नाम | प्राथमि कता क्रम | आयोजना स्थल गाविस/नपा वडा | योजनाको किसिम नयां/पुरानो/ निर्माणाधिन | दलित | जन जाति | मधेसी | मुस्लिम | अन्य | जम्मा | महिला मात्र/ पुरुषमात्र/दुवै | जि विस | गाविस/ नपा | बिषयगत निकाय | केन्द्रसरकार | अन्य खुलाउनु | कूल जम्मा | |
| | | | | | | | | | | | | | | | | | | | |

**क) जिल्ला स्थित सवै गाविसहरूको गाउँ परिषद र प्यूठान नगरपालिकाको नगर परिषद मिति २०७३ पौष मसान्त भित्र सम्पन गर्ने ।**

**ख) ईलाकास्तरिय योजना तर्जुमा बैठकहरू**

| ***ईलाका नं.*** | ***न.पा./गाविसहरू*** | ***गोष्ठी हुने मिति*** | ***स्थान*** |
|---|---|---|---|
| १, | जुम्रिकाँडा र वजिवाङ | २०७३ माघ गते | जुम्रिवसपार्क |
| २ | वेलवास, सारी, स्वर्गद्वारीखाल र कोचिवाङ | २०७३ माघ गते | वेलवास |
| ३ | भिग्री, गोठिवाङ, उदयपुरकोट, र नयागाऊ | २०७३ माघ गते | गोठिवाङ |
| ४ | तिराम, मर्कावाङ ढुंगेगढी वांगेसाल र हंसपुर | २०७३ माघ गते | वड्डाडा |
| ५ | दाङवाङ, वरौंला, पकला र धुवाङ | २०७३ माघ गते | वरौंला |
| ६ | रम्दी, रस्पुरकोट, विजुली | २०७३ माघ गते | सरङवेशी |
| ७ | चुंजा, धरमपानी, प्यठान न.पा. र तोरवाङ | २०७३ माघ गते | खलंगा |
| ८ | ओखरकोट वादीकोट वांगेमरोठ नारीकोट | २०७३ माघ गते | मच्छी |
| ९ | तुषारा लिवाङ खुङ पूँजा अर्खा र रजवारा | २०७३ माघ गते | ठुलावेशी |
| १० | स्याउलीवाङ, खवाङ डाम्री, लिंघा र लुङ | २०७३ माघ गते | वाहाने |
| ११ | फोप्ली र माभकोट | २०७३ माघ गते | दम्ती |

**ख) बिषयगत योजना तर्जुमा समिति बैठकहरू**

- ❖ कृषि वन तथा बाताबरण समिति वैठक — २०७३ फाल्गुण गते
- ❖ पूर्वाधार विकास समिति बैठक — २०७३ फाल्गुण गते
- ❖ जनसंख्या तथा सामाजिक समिति वैठक — २०७३ फाल्गुण गते
- ❖ जलश्रोत तथा भुमी समितिको बैठक — २०७३ फाल्गुण गते
- ❖ एकीकृत योजना तर्जुमा समिति बैठकः — २०७३ फाल्गुन गते
- ❖ जिल्ला विकास समिति वैठक — २०७३ फाल्गुन गते
- ❖ जिल्ला परिषद् — २०७३ फाल्गुण गते